# पाठ २

१. म यहाँ किन आएको हुँ ?

- म यहाँ तपाईंहरूलाई संसारको सबैभन्दा महत्वपूर्ण सन्देश सुनाउन आएको हुँ ।

२. कसको सन्देश यो संसारमा सबैभन्दा महत्वपूर्ण सन्देश हो ?

- परमेश्वरको सन्देश ।

३. के कारणले गर्दा परमेश्वरको सन्देश संसारमा सबैभन्दा बढी महत्वपूर्ण छ ?

- किनभने परमेश्वरले मात्र कहिल्यै ढाँट्नुहुन्न ।

- किनभने परमेश्वरले मात्र जहिल्यै पनि सत्य बोल्नुहुन्छ ।

४. परमेश्वरको सन्देश कहाँ छ ?

- परमेश्वरको सन्देश परमेश्वरको पुस्तकमा छ ।

५. परमेश्वरको पुस्तकको नाम के हो ?

- परमेश्वरको पुस्तकको नाम बाइबल हो ।

६. परमेश्वरको पुस्तकमा परमेश्वरको सन्देश कसरी रहन गयो ?

- धेरै वर्ष पहिले परमेश्वरले केही मानिसहरूलाई छान्नुभयो र उहाँका वचनहरू ती मानिसहरूको समझमा राखिदिनुभयो ।

- त्यसपछि ती मानिसहरूले परमेश्वरको वचनलाई परमेश्वरको पुस्तकमा लेखे ।

७. के ती मानिसहरूले परमेश्वरको पुस्तकमा तिनीहरूका आफ्नै शब्दहरू लेखे ?

- अहँ, होइन ।

८. के ती मानिसहरू एकै समयमा बाँचेका र परमेश्वरको वचन लेखेका थिए ?

- होइन ।

९. त्यसो भए परमेश्वरको सबै वचन लेखिसिध्याउनको लागि कति वर्ष लागेको थियो त ?

- १६०० वर्ष ।

१०. जसलाई परमेश्वरले आफ्नो वचन लेख्न छान्नुभएको थियो तिनीहरू को थिए ?

- जसलाई परमेश्वरले आफ्नो वचन लेख्नको लागि छान्नुभएको थियो तिनीहरू यहूदी र एकजना ग्रीक थिए ।

११. कुन भाषामा ती मानिसहरूले परमेश्वरको वचन लेखेका थिए ?

- हिब्रू र ग्रीक भाषामा ।

१२. परमेश्वरको पुस्तकमा लेखिएका परमेश्वरका वचनहरूमध्ये कति वटा वचन सत्य छन् ?

- सबै वचन सत्य छन् ।

१३. परमेश्वरको पुस्तकमा लेखिएका परमेश्वरका सबै वचनहरू किन सत्य छन् ?

- किनभने परमेश्वरले कहिल्यै झूठो बोल्नुहुन्न ।

- किनभने परमेश्वर केवल सत्य कुरा मात्रै बोल्नुहुन्छ ।

- परमेश्वरले उहाँको पुस्तकमा लेख्नुभएको पहिलो शब्द के हो ।

- परमेश्वरले उहाँको पुस्तकमा लेख्नुभएको पहिलो शब्द हो: आदिमा ।

- परमेश्वरको पहिलो शब्द किन आदिमा भयो ?

- किनभने परमेश्वरले हामीले सबै कुराको सुरूवात (आदि) थियो भनी थाहा पाएको चाहनुहुन्छ ।

- के हामीले अहिले देख्न सक्ने सबै चिजको सुरुवात (आदि) थियो ?

- हो ।

- के हामीले अहिले देख्न नसक्ने सबै चिजको सुरुवात (आदि) थियो ?

- हो ।

- आदिभन्दा पहिले जीवन कस्तो थियो ?

- आदिभन्दा पहिले के त्यहाँ कुनै नदी वा तालतलैया थिए ?

- अहँ, थिएनन् ।

- आदिभन्दा पहिले के त्यहाँ कुनै पहाड वा रूखहरू  थिए ?

- अहँ, थिएनन् ।

- आदिभन्दा पहिले के त्यहाँ कुनै सूर्य, चन्द्रमा वा ताराहरू थिए ?

- अहँ, थिएनन् ।

- आदिभन्दा पहिले के त्यहाँ कुनै जनावर वा चराहरू थिए ?

- अहँ, थिएनन् ।

- आदिभन्दा पहिले के त्यहाँ कुनै पृथ्वी वा आकास थियो ?

- अहँ, थिएन ।

- यदि आदिभन्दा पहिले यी कुनै पनि थोकहरू थिएनन् भने आदिभन्दा पहिले त्यहाँ मानिसहरू थिए भनी तपाईं ठान्नुहुन्छ ?

- अहँ, ठान्दिनँ ।

- यदि त्यहाँ आदिभन्दा पहिले कुनै तालतलैया र रूख र सूर्य र आकास र पृथ्वी केही पनि थिएनन् भने के मानिस जीवित रहन् सक्थ्यो ?

- अहँ, सक्दैनथ्यो ।

- के आदिभन्दा पहिले त्यहाँ गोरो वा कालो छालाका मानिसहरू थिए ?

- अहँ, थिएनन् ।

- के आदिभन्दा पहिले त्यहाँ आत्माहरू थिए ?

- अहँ, थिएनन् ।

- आदिभन्दा पहिले त्यहाँ केही पनि थिएन ।

- उहाँको पुस्तकमा लेखिएको परमेश्वरको पहिलो शब्द फेरि पढौं ।

- आदिमा परमेश्वर ।

- परमेश्वरको पहिलो वचनले के भन्छ ?

- परमेश्वरको पहिलो वचनले आदिभन्दा पहिले परमेश्वर एक्लै हुनुहुन्थ्यो भन्छ ।

- आदिभन्दा पहिले एक्लै बसोबास गर्ने को हुनुहुन्थ्यो ?

- परमेश्वर ।

- किनभने परमेश्वर मात्रै आदिभन्दा पहिले बसोबास गर्नुहुन्थ्यो, त्यसो भए सबैथोकहरूभन्दा महान् को हुनुहुन्छ ?

- परमेश्वर ।

- परमेश्वर नदी र तालतलैया भन्दा महान् हुनुहुन्छ ?

- किन ?

- किनभने केवल परमेश्वर मात्रै आदिभन्दा पहिले बसोबास गर्नुहुन्थ्यो ।

- परमेश्वर पहाड र रूखहरूभन्दा महान् हुनुहुन्छ ।

- किन ?

- किनभने केवल परमेश्वर मात्रै आदिभन्दा पहिले बसोबास गर्नुहुन्थ्यो ।

- परमेश्वर सूर्य, चन्द्रमा र ताराहरूभन्दा महान् हुनुहुन्छ ।

- किन ?

- किनभने केवल परमेश्वर मात्रै आदिभन्दा पहिले बसोबास गर्नुहुन्थ्यो ।

- परमेश्वर पृथ्वी र आकासभन्दा महान् हुनुहुन्छ ।

- किन ?

- किनभने केवल परमेश्वर मात्रै आदिभन्दा पहिले बसोबास गर्नुहुन्थ्यो ।

- परमेश्वर संसारका सबै मानिसहरूभन्दा महान् हुनुहुन्छ ।

- किन ?

- किनभने केवल परमेश्वर मात्रै आदिभन्दा पहिले बसोबास गर्नुहुन्थ्यो ।

- परमेश्वर संसारका सबै आत्माहरूभन्दा महान् हुनुहुन्छ ।

- किन ?

- किनभने केवल परमेश्वर मात्रै आदिभन्दा पहिले बसोबास गर्नुहुन्थ्यो ।

- किनभने केवल परमेश्वर मात्रै आदिभन्दा पहिले बसोबास गर्नुहुन्थ्यो, केवल कसले मात्रै हामीलाई सुरुवात (आदि) को बारेमा भन्नसक्नुहुन्छ ?

- परमेश्वर ।

- मानिसहरू किन हामीलाई सुरुवातको बारेमा बताउन सक्षम छैनन् ?

- किनभने आदिमा मानिसहरू थिएनन् ।

- आत्माहरू किन हामीलाई सुरुवातको बारेमा बताउन सक्षम छैनन् ?

- किनभने आदिमा आत्माहरू थिएनन् ।

- परमेश्वरको सुरुवात कहिले भयो ?

- परमेश्वरको कुनै आदि छैन ।

- परमेश्वर सदासदाको निम्ति जीवित हुनुहुन्छ ।

- परमेश्वर अनन्तसम्मै हुनुहुन्छ ।

- केही मानिसहरू कसैले परमेश्वरलाई जन्मायो भन्ने विचार गर्छन् ।

- के कसैले परमेश्वरलाई जन्माएको हो ?

- अहँ, होइन ।

- परमेश्वर अनन्तसम्मै हुनुहुन्छ ।

- केही मानिसहरू परमेश्वरले आफैले आफूलाई जन्माउनुभयो भन्ने विचार गर्छन् ।

- के परमेश्वरले आफैले आफूलाई जन्माउनुभएको हो ?

- अहँ, होइन ।

- परमेश्वर अनन्तसम्मै हुनुहुन्छ ।

- केही मानिसहरू परमेश्वरलाई कसैले बनाएको हो भन्ने विचार गर्छन् ।

- के कसैले परमेश्वरलाई बनाएको हो ?

- अहँ, होइन ।

- परमेश्वर अनन्तसम्मै हुनुहुन्छ ।

- केही मानिसहरू परमेश्वरले आफूले आफैलाई बनाउनुभएको हो भन्ने विचार गर्छन् ।

- के परमेश्वरले आफूले आफैलाई बनाउनुभएको हो ?

- अहँ, होइन ।

- परमेश्वर अनन्तसम्मै हुनुहुन्छ ।

- के परमेश्वरको अस्तित्व नभएको त्यस्तो कुनै समय थियो र ?

- अहँ, थिएन ।

- परमेश्वर सदासदा जीवित हुनुहन्छ ।

- परमेश्वर सदासदा जीवित हुनुहुनेछ ।

- परमेश्वरको अस्तित्त्व सधैं छ ।

- परमेश्वरको अस्तित्त्व नभएको कुनै पनि समय थिएन ।

- परमेश्वर कहिल्यै मर्नुहुन्न ।

- परमेश्वर कहिल्यै भोकाउनु हुन्न ।

- परमेश्वर कहिल्यै तिर्खाउनु हुन्न ।

- मानिसलाई जीवित रहनको लागि खाना र पानीको खाँचो पर्छ । परमेश्वरलाई जीवित रहनको लागि के कुराको खाँचो पर्छ ?

- परमेश्वरलाई जीवित रहनको लागि कुनै कुराको खाँचो पर्दैन ।

- त्यसोभए परमेश्वर कसरी जीवित रहनुहुन्छ त ?

- उहाँको आफ्नै सामर्थ्यले ।

- परमेश्वरलाई किन हिँडहुल गर्नको निम्ति जमिनको खाँचो पर्दैन ?

- किनभने परमेश्वर उहाँको आफ्नै सामर्थ्यले जीवित रहनुहुन्छ ।

- परमेश्वरलाई किन उज्यालोको निम्ति सूर्यको खाँचो पर्दैन ।

- किनभने परमेश्वर उहाँको आफ्नै सामर्थ्यले जीवित रहनुहुन्छ ।
- परमेश्वरलाई किन खाना खानुपर्ने खाँचो पर्दैन ?
- किनभने परमेश्वर उहाँको आफ्नै सामर्थ्यले जीवित रहनुहुन्छ ।
- परमेश्वरलाई किन पानी पिउनुपर्ने खाँचो पर्दैन ?
- किनभने परमेश्वर उहाँको आफ्नै सामर्थ्यले जीवित रहनुहुन्छ ।
- के तपाईं जमिन वा सूर्यविना जीवित रहन सक्नुहुनुहुन्छ ?
- अहँ सक्दिनँ तर परमेश्वर सक्नुहुन्छ ।
- के तपाईं खाना वा पानीविना जीवित रहन सक्नुहुन्छ ?
- अहँ सक्दिनँ तर परमेश्वर सक्नुहुन्छ ।
- परमेश्वर मानिसहरूजस्तो हुनुहुन्न ।
- परमेश्वर जनावरहरूजस्तो हुनुहुन्न ।
- परमेश्वर आत्माहरूजस्तो हुनुहुन्न ।
- किनभने परमेश्वर मात्रै आदिभन्दा पहिले एक्लै बसोबास गर्नुहुन्थ्यो त्यसैले उहाँलाई कुनै कुराको खाँचो पर्दैन ।
- सूर्य, चन्द्रमा र ताराहरूभन्दा को महान् हुनुहुन्छ ?

- परमेश्वर ।

- आकास र पृथ्वीभन्दा को महान् हुनुहुन्छ ?

- परमेश्वर ।

- सबै मानिसहरू र सबै आत्माहरूभन्दा को महान् हुनुहुन्छ ?

परमेश्वर

- परमेश्वरभन्दा महान् त्यस्तो कुनै पनि थोक छैन ।

- परमेश्वरभन्दा महान् त्यस्तो कोही पनि छैन ।